# अनुशासित र मर्यादित अनुयायीत्व
# (Discipleship)

लेखकः
डान सोलिस (**Dan Solis**)

अनुवादक
भजुराम श्रेष्ठ

सेभेन्थ-डे एडभेन्टिस्ट चर्च
गठ्ठाघर (भक्तपुर)
नेपाल

यस बाइबल अध्ययनका मुख्य सम्पादकीय कार्यालय:
१२५०१ ओल्ड कोलम्बिया पाईक, स्प्रिङ्गफिल्ड,
मेरिलाण्ड, २०९०४, संयुक्त राज्य अमेरिका
सम्पादक: सोराया होनायुरी, सहयोगी सम्पादकः जर्ज ब्लेसर र एस्थर डोस
प्रकाशक अधिकृत: ली अलेक्जेण्डर ग्रीभ
नेपाली भाषामा ईन्टरनेटमा प्रस्तुत गर्नेः जितेन्द्र श्रेष्ठ
ईन्टरनेट वेबसाईट : **www.nepalworks.com/bhajupurna**
http://www.sabbathschoolpersonalministries.org/article.php?id=78

**प्रतिलिपि अधिकार © जनरल कनफरेन्स अभ सेभेन्थ डे एडभेन्टिस्ट चर्च, शवाथ स्कुल विभाग**

प्रथम संस्करण : २०७० (ई. सन् २०१३-१४)
पाण्डुलिपि ईन्टरनेटबाट प्राप्त गर्न र अनुवादको लागि आधिकारिक अनुमती प्रदान साउथरन एशिया डिभिजन अभ सेभेन्थ-डे एडभेन्टिस्ट
प्रकाशन सहयोगी - अमर पोते
कम्प्यूटर लेआउट तथा आवरण चित्र
सुजीत कुमार साह
प्रुफ शोधकः माया तामाङ्ग

**(बाइबल साथमा लिएर यस पुस्तकलाई अध्ययन गर्नुहोला)**

अनुवादकको अनुरोधः पाठकवृन्धहरूले यस अध्ययनमा भएका त्रुटिहरू औंल्याएर सुधार गर्न सुझाव दिनुभएमा अनुवादक आभारित हुनेछन्

**प्रकाशकः**
पा. उमेश कुमार पोखरेल,
६६३७१८१, "Umesh Pokharel" <umesh.shantipokharel@gmail.com>,
एल्डर भजुराम श्रेष्ठ, ☎ ५५२७८३० **bhajupurna@gmail.com**
सम्पर्कः पा. कुबेर लामिछाने ९८४१७१५०९५

यस अध्ययन पुस्तकमा तोकिएका बाइबलका केहि अशहरू बाहेक बाइबलका अरू सम्पूर्ण अशहरू नेपाली बाइबल सोसाइटीले छापेको **copyright @1997, 2006, 2009, 2011** पवित्र बाइबलबाट नेपाली बाइबल सोसाइटीको अनुमतीले उदृध गरिएका छन्। उक्त संस्थाको अनुमतीले नै पवित्र बाइबल (सरल नेपाली)बाट पनि अंशहरू उदृध गरिएका छन्।

# भूमिका

## अनुयायी बनाउन सर्वश्रेष्ठ गुरू

आदिमा परमेश्वरले सिद्ध, उत्तम र पापरहित संसारलाई सृष्टि गर्नु भएको थियो।

परमेश्वरप्रति श्रद्धा राख्न, उहाँको उपासना गर्नु र उहाँको मुखामुखमा चल्न मानिसहरू रमाइलो मानेका थिए। सारा अनन्तकालसम्म यस्तो जीवन बितिरहनुपर्ने थियो, तर त्यसो भएन।

मानव जगतका प्रथम् पूर्खा आदम र हव्वालाई शैतानले छल गरेपछि परमेश्वरप्रति श्रद्धा राखेर अमरत्व हुने मानिसको शुभ अवसरलाई गुमाइयो। शैतानले जीवनको सत्य अर्थ र लक्ष्यलाई छिनालीदियो। त्यसको फलस्वरुप सारा संसारमा परमेश्वरको खिलाफमा विद्रोहको आगो सल्कियो।

तर त्यस विद्रोहलाई निभाएर हामीहरूलाई फेरि सार्थकतामा ढाल्न आशाको किरण ख्रीष्टको बलिदानले मात्र दिन सक्दछ। क्रुसले मात्र हामीलाई सक्कली स्वतन्त्रता वा स्वायत्तता प्रदान गर्न सक्छ। यस अर्थहिन र निराशै निराशामा फसेको संसारबाट राहत केवल त्यस क्रुसले मात्र हामीलाई दिनसक्छ। यस पापी मानव जगतलाई सच्चा स्वतन्त्रता, स्वाधिनता, मुक्ति, क्षमा, र परमेश्वरले सृजनुभएको सिद्ध संसारमा फर्कने प्रावधान र अवसर केवल येशूले मात्र उपलव्ध गराउनुभएको छ।

मानिसहरूका पापलाई क्षमा दिएर अनुग्रह देखाउने परमेश्वरको स्वभावको घोषणा गर्ने जिम्मा प्रत्येक येशूभक्त हुँ भनेर दावी गर्नेलाई दिइएको छ। यस संसारमा विश्वासीहरू जहाँ भएपनि त्यस सन्देशको सन्देशवाहक होस् भनेर परमेश्वरले तिनीहरूलाई उत्साहित गर्नुहुन्छ। शैतानको दासत्वमा रहेका मानिसहरूलाई मुक्तिको सुसमाचार ती येशूभक्तहरूले प्रचार गर्नु पर्दछ। तिनीहरूको सृष्टिकर्तालाई पछ्याउन, उहाँको आराधना, स्तुती र प्रशंसा अरूहरूलाई तिनीहरूले आह्वान गर्नुपर्छ। स्पष्ट रूपमा भन्ने हो भने ख्रीष्टले अपनाउनु भएका उहाँका चेला बनाउने तरिकालाई प्रत्येक येशूभक्तले नमूनाको रूपमा लिनु अनिवार्य छ जसले गर्दा येशूले अऱ्हाउनुभएको मत्ती २८:१९,२०मा उल्लेखित आदेश पालन गर्न सक्षम् होस्।

त्यसकारण यस अध्ययन पुस्तको विषय वस्तु होः येशूका सक्रिय भक्तालु वा अनुयायी अरूलाई कसरी बनाउने? भक्तालु, श्रद्धालु, चेला बन्नु वा अनुयायी बनाउनु जस्ता शव्दहरूले यस पुस्तक भर्न सकिन्छ। तर विषेशतः यस

अध्ययनमा येशूको प्रखर अनुयायी हामीहरू कसरी बन्ने र अरूलाई कसरी बनाउने भन्ने विषयलाई मध्य नजर राखेर अध्ययन गर्नेछौं।

हुनतः अरूको आत्मा-जित्ने कामको उत्कृष्ट नमूना ख्रीष्ट हुनुभएको प्रत्येक येशूभक्तले महसुस गर्नुपर्छ। लोकप्रिय मनोविज्ञानमा निपुण भएर वा रङ्गीचङ्गी विज्ञापन गरेर प्रचारवाजी गर्दैमा के मानिसहरू सफल सुसमाचार प्रचारक हुनुसक्छ र? तर ख्रीष्टको सरल उदाहरणलाई पछ्याएर सुसमाचार प्रचार गर्नु उत्तम हुँदैन र?

मानिसहरूलाई आफ्नो पछि लगाउन येशूले कसरी आकर्षित गर्नुभयो? उहाँको अनुकरणीय उदाहरणहरूबाट हामी के सिक्न सक्छौं जसले गर्दा अरूलाई उहाँतिर आकर्षित बनाउन हामी सक्षम् हुनसक्छौं? उहाँको महान् आदेशलाई हामीले सफलपूर्वक कसरी पालन गर्ने (मत्ती १८:१९,२०)? यी विभिन्न समुहका मानिसहरूलाई व्यक्तिगत रूपमा येशूले कसरी चासो देखाउनुभयोः धनी, गरिब, निरिह, पिछडिएका जाति, समाजमा दोस्रो स्थान ओगेटेका महिला जाति, धर्मात्मा भनेर दावी गर्नेहरू, धर्मप्रति वास्ता नगर्नेहरू, राजनैतिक रूपमा शक्तिशाली र शक्तिहिन सर्वसाधारण जनता? पत्थरको दिल भएका मानिसहरूलाई कसरी उहाँले नरम पार्नुभयो? उदास र आशा त्यागेका मानिसहरूलाई उहाँले तिनीहरूको हृदयमा आशालाई कसरी सृजना गर्नुभयो? बालकको कमदझ हृदयलाई उहाँले कस्तो नरम तरिकाले आकर्षित गर्नुभयो? जाति, रङ्ग, विदेशीको नाउँमा र सामाजिक रूपमा खडा भएका विभिन्न तगारोहरूलाई उहाँले कसरी जित्नुभयो जसले गर्दा उहाँले तिनीहरूलाई आफ्ना अनुयायी बनाउनुभयो? समाजका प्रवुद्ध, शक्तिशाली, सम्पन्न र अख्तियारवालाहरूकहाँ उहाँको पहुँच कस्तो थियो? धर्मको नाउँमा अतिवादी भएर फुल्ने अहङ्कारी धर्मगुरू तथा अगुवाहरूका दिमागलाई उहाँले कसरी जगाउनुभयो? विभिन्न रोगव्याधीले सताइएकाहरूलाई उहाँले कसरी आशा पल्हाइदिनुभयो?

ती प्रश्नहरूका जवाफ वा छलफल केवल मानिसहरूका कौतूहल वा चासो मेटाउनमात्र होइन। बरू ती येशूभक्तहरू जो इसाई हुँ भनेर दावी गर्दछन् तिनीहरूको लागि हो जसले येशूको जीवन आचरणलाई गम्भिर रूपमा अध्ययन गर्दा आफू पनि उहाँको अनुकरणीय उदाहरण बन्न सकोस् र पापबाट बरालिएका भेँडारूपी मानिसहरूलाई मायालु गोठालोतिर डोऱ्याउन सक्षम् होस्।

येशूपछिको उत्कृष्ट उदाहरण पावल हो जसले विश्वासीहरूलाई येशूलाई पछ्याउने उनको अनुसरण गरोस् भनेर उनले चुनौती दिँदछन्। प्रथम्

शताव्धीमै भएतापनि पावलले स्थापना गरेका विभिन्न आदर्श नितिहरूलाई विश्वासीहरूले पालन गर्नु आवश्यक छैन भन्ने सोच भएका येशूभक्तहरू पनि यस संसारमा छन् भनेर सोच्नु अति कठिन छ।

अन्तमा येशूलाई पछ्याउनु भनेको केवल गलत बानीव्यहोरा र आचारणलाई सुधार गर्नुमात्र होइन भनेर हामी ठोकुवा गर्न चाहन्छौं। (कुनै पनि सुधार गृह तथा अरू आस्था वा ज्ञानहरूले मानिसको जीवनमा सुधार गर्न सकिन्छ)। ती सुधार आवश्यक त छ नै। तर येशूका भक्तहरू केवल त्यसमा मात्र लागेर ढुक्क भएर बस्नु उचित देखिन्दैन। जव सम्म येशूलाई पूर्णतवरले पछ्याउँदैन वा उहाँप्रति समर्पित जीवन बिताउन चाहना गर्दैन तब सम्म कसैले पनि येशूको श्रद्धालू, भक्तालु वा अनुयायी हुने आत्मज्ञानलाई पूरा बुझ्न सक्दैन। जब येशूप्रति अनुराग राखेर हिँड्छ तब मात्र उसले अरूलाई ख्रीष्टतिर डोऱ्याउन निपुण हुन्छ।

अथवा एलेन जी ह्वाइटले उपयुक्त उद्‌गार यसरी व्यक्त गर्नुहुन्छः "ख्रीष्टलाई हृदयदेखि चिन्न थालेपछि येशू कस्तो प्यारो मित्र हुनुभएको रहेछ भनेर अरूलाई बाँड्न उसको मनमा जागरण जन्मिन्छ। त्यो मुक्ति दिने र पवित्र सत्य आत्मज्ञान हृदयमा चुपचाप लुकाएर राख्न सकिन्दैन। येशूको भक्त भएपछि हामी सबै ख्रीष्टको धार्मिक पोशाक ओड्दछौं। पवित्र आत्माको उपस्थियति हामीहरूको जीवनमा हुँदा हामीहरूको हृदय अत्यन्त आनन्दले भरीपूर हुन्छौं। त्यसले गर्दा हामीहरू चुपचाप त बस्नै सक्दैनौं। यदि परमेश्वर कतिको असल हुनुहुन्छ भनेर हामीले देख्यौं र चाख्यौं भने अरूलाई बाँड्न हामीसँग केही हुन्छ।....येशू हिँड्नुभएको बाटोमा हिँड्न महान् आकाँक्षा त्यस खालका प्रत्येक येशूभक्तमा हुन्छ।"-एलेन जी ह्वाइट, स्टेपस् टु क्राइस्ट पृ. ७८,७९बाट रूपान्तरित।

यस अध्ययन पुस्तकको मूल विषय वस्तु त्यही नै हो।

संयुक्त राज्य अमेरिकाको टेक्सास राज्यमा यस पुस्तकको लेखक डान सोलिस जन्मनुभएकोथियो। उहाँ विदेशबाट आएका आप्रवासी किसानी र मोही हुनुहुन्छ। उहाँ आन्द्रुयज युनिभर्सिटी र रिफोर्म थियोलोजिकल सेमिनारीमा ग्राजुयत डिग्रीहरू हासिल गर्नुभएको छ। उहाँ चर्च पास्टर, कन्फरेन्सका विभागिय निर्देशक र कलेजको प्रोफेसर भएर सेवा गरेका थिए। उहाँकी श्रीमती सिन्डी, प्राथमिक स्कुलको शिक्षिका हुनुहुन्छ। उहाँहरूका हुर्केका तिन छोराछोरीहरू छन् जसले वाशिङ्टन, क्यालिफोर्निया र टेनस्सीमा परमेश्वरको सेवा गर्दैछन।

# विषयसूची


| अध्याय | | पृष्ठ |
|---|---|---|
| १ | येशूका अनुयायीहरू र पवित्र धर्मशास्त्र... | १ |
| २ | विभिन्न रूपक तथा प्रतिकहरूद्वारा... | १९ |
| ३ | अनुयायीत्व र प्रार्थना | ४० |
| ४ | बालबालिकाहरूलाई येशूको ... | ५७ |
| ५ | **अस्वस्थहरूलाई सेवा गरेर येशूप्रति आस्था** | ७२ |
| ६ | "सर्वसाधारण मानिसहरूलाई" येशूको... | ९४ |
| ७ | येशू र समाजबाट तिरस्कृत र बहिष्कृत... | ११० |
| ८ | धनीवर्ग र प्रतिष्ठित मानिसहरुको बीचमा | १२५ |
| ९ | अधिकारवालाहरूलाई येशूको अनुयायी | १४२ |
| १० | राष्ट्रहरूलाई येशूको अनुशासित अनुयायी... | १६७ |
| ११ | अध्यात्मिक अगुवाहरूलाई येशूको मर्यादित... | १८३ |
| १२ | फसलको समय र कटनी अर्थात सुसमाचा | २०० |
| १३ | येशूको अनुयायी हुँदा चुकाउनु पर्ने मोल | २१७ |

# अस्थाई पाना

<u>सुझावः</u> त्रैमासिक अध्ययन – चैत्र १४, २०७० (मार्च २९, २०१४)पछि आफ्नो इच्छा अनुसार यो पाना च्याती दिनुहोला। प्रत्येक अध्याय शनिवार बेलुकादेखी शुक्रबार बेलुकासम्मको अध्ययन तीथि तोकिएको छ। तद्अनुसार जब यो अध्ययन चर्चमा सिकाउनु पर्दा प्रत्येक शुक्रबार सम्म अध्ययन गरेको अध्याय शनिबार बिहान अर्थात शबाथमा सिकाउनु होला। याद गर्नुहोस्, यस अध्ययन पुस्तिकालाई बाइबलको हस्तपुस्तिकाको रूपमा उपयोग गर्नु हुन सुझाव गरिन्छ। अरूलाई बाइबल सम्वन्धी शिक्षा दिनु यो अत्यन्त उपयोगी श्रोत हो।

| | | |
|---|---|---|
| १ | अध्याय १ | पौष १३-१९, (डिसेम्बर २८-जनवरी ३, २०१४) |
| २ | अध्याय २ | पौष २०-२६ (जनवरी ४-१०) |
| ३ | अध्याय ३ | पौष २७-माघ ३ (जनवरी ११-१७) |
| ४ | अध्याय ४ | माघ ४-१० (जनवरी १८-२४) |
| ५ | अध्याय ५ | माघ ११-१७ (जनवरी २५-३१) |
| ६ | अध्याय ६ | माघ १८-२४ (फेब्रुअरी १-७) |
| ७ | अध्याय ७ | माघ २५-फागुन २ (फेब्रुअरी ८-१४) |
| ८ | अध्याय ८ | फागुन ३-९ (फेब्रुअरी १५-२१) |
| ९ | अध्याय ९ | फागुन १०-१६ (फेब्रुअरी २२-२८) |
| १० | अध्याय १० | फागुन १७-२३ (मार्च १-७) |
| ११ | अध्याय ११ | फागुन २४-३० (मार्च ८-१४) |
| १२ | अध्याय १२ | चैत्र १-७ (मार्च १५-२१) |
| १३ | अध्याय १३ | चैत्र ८-१४ (मार्च २२-२८) |